आयोगबाट मिति २०८१/१२/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण।

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	निर्मल प्रसाद सिटौला (विशेष अदालतको मुद्दा नं. ०८०-CR-०१३१ र फैसला मिति २०८१/०२/२७)	राष्ट्रसेवकले गैरकानुनी व्यापार व्यवसाय गरी भ्रष्टाचार गरेको	प्रतिवादी निर्मल प्रसाद सिटौलालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ बमोजिमको कसुरमा गैरकानूनी व्यापार व्यवसाय गरी आर्जन गरेको सम्पत्ति रु.१,६१,२०,००४। ३० कायम गरी सोही ऐनको दफा १४ बमोजिम कैद र जरिवाना सजाय गरी त्यसरी गैरकानुनी व्यापार व्यवसाय गरी आर्जन गरेको सम्पत्ति रु.१,६१,२०,००४। ३० समेत जफत हुन मागदावी लिइएको	**फैसलाः** प्रतिवादी निर्मल प्रसाद सिटौलाले आरोपदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको विशेष अदालतले **फैसला गर्दा लिएका आधारः** **क.** प्रतिवादी निर्मल प्रसाद सिटौलाले कार्यालयको अनुमति नलिई कार्यालय समय भन्दा वाहिर आफ्नो ज्ञान, सिप र क्षमताको कार्य गरी आय आर्जन गरेकोमा विवाद नभए पनि सो विषय राष्ट्रसेवक कर्मचारीको व्यावसायिक आचरणको प्रतिकूल हुने। **ख.** प्रतिवादीबाट भएको सो कार्य नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) कर्मचारी विनियमावली २०८० को विनियम १२६ (झ) अन्तर्गतको विभागीय कारवाहीको विषय हुने हुँदा आरोपित कसूर बमोजिमको भ्रष्टाचारजन्य कार्य मान्न मिलेन	**क.** प्रतिवादी निर्मल प्रसाद सिटौलाले नेपाल टेलिकमको स्वीकृती विना निजी कम्पनी Himdung and Thokar Construction Pvt. Ltd. को २० प्रतिशत शेयर खरिद गरी संस्थापक शेयर धनी बनी कम्पनीमा निर्देशकको हैसियतमा आ.व.०६९/७० देखि काम गरिरहेको, परिश्रमिक वापत रकम बुझेको तथा विभिन्न ठेक्का पट्टामा सम्झौता गर्ने लगायतका कार्यमा समेत सामेल भई Himdung and Thokar Construction Pvt. Ltd. कम्पनीबाट रु.४५,१७,५००।- पारिश्रमिक तथा कम्पनीको रिजर्भमा रहेको मुनाफाबाट प्राप्त आय रु.१,१६,०२,५०४। ३० समेत गरी जम्मा रु.१,६१,२०,००४। ३० गैरकानूनी व्यापार व्यवसाय गरी आर्जन गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी निर्मल प्रसाद सिटौलालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ बमोजिमको कसुरमा सोही ऐनको दफा १४ बमोजिम कैद र जरिवाना सजाय गरी गैरकानुनी व्यापार व्यवसाय गरी आर्जन गरेको सम्पत्ति विगो रु.१,६१,२०,००४।- समेत जफत हुन मागदावी लिईएको प्रस्तुत मुद्दामा अदालत स्वयंले समेत प्रतिवादी निर्मल प्रसाद सिटौलाले कार्यालयको अनुमति नलिई कार्य गरी आय आर्जन गरेकोमा अन्योल नरहेको भनी प्रतिवादीले कसूर गरेकोमा स्वीकार गरेको अवस्था देखिन्छ। प्रतिवादीले कार्यालयको अनुमती नलिई कार्यालय समय भन्दा वाहिर काम गरी रु.४५,१७,५००।- पारिश्रमिक समेत बुझेको मात्र नभई निजी कम्पनी Himdung and Thokar Construction Pvt. Ltd. को २० प्रतिशत शेयर खरिद गरी संस्थापक शेयर धनी बनी कम्पनीमा निर्देशकको हैसियतले कार्य गरी कम्पनीको रिजर्भमा रहेको मुनाफाबाट रु.१,१६,०२,५०४। ३० बुझेको मिसिल संलग्न कागजातबाट देखिएको हुँदा प्रमाण मूल्यांकनको रोहमा प्रस्तुत फैसला बदरभागी छ। **ख.** प्रतिवादी निर्मल प्रसाद सिटौलाले अनुसन्धानका क्रममा वयान गर्दा "मिति २०६९/९/२ देखि Himdung and Thokar Construction Pvt. Ltd. मा शेयर धनी सदस्य हुँ। क्र.सं.८०००१ देखि १००००० सम्म जम्मा २०००० कित्ता शेयर मेरो नाममा छ, मैले असल मनशायबाट उक्त कार्य गरेको र उक्त कार्य गरे बापत कहिं कसैलाई साथै म कार्यरत नेपाल टेलिकमलाई समेत कुनै हानी नोक्सानी पुर्याएको छैन, मेरो सीप, दक्षता र क्षेत्रको आधारमा कार्यालय समय अगाडि, पछाडि, विदाको दिनमा ड्रइङ्ग, डिजाईन, ईस्टिमेट, सुपरिवेक्षण गरी आफ्नो दक्षताको आधारमा असल नियतले काम गरेको जानकारी गराउन चाहान्छु। हाल आएर कार्यालयको स्विकृती लिई मात्र माथि उल्लेखित बमोजिमको कार्यहरु गर्नुपर्ने भन्ने थाहा हुन आएकोले अब उप्रान्त स्वीकृती नलिई काम गर्ने छैन" भनी कसूरमा स्वीकार गरी वयान

					गरेका छन् भने कसूरबाट सफाई पाउने मनसायले अदालत समक्षको वयानका क्रममा हिमडुङ्ग एण्ड थोकर कम्पनीको संचालक समितिको बैठकले २० प्रतिशत सेयर प्रोत्सहान स्वरुप मलाई निःशुल्क रुपमा प्रदान गर्ने निर्णय गरेको थियो भनी आफ्नै वयानलाई खण्डित गरेतापनि हिमडुङ्ग एण्ड थोकर कम्पनीको संचालक शिवहरी घिमिरे अनुसन्धानको वयानका क्रममा २०/२० प्रतिशत शेयर खरिद गरी एकैसाथ कम्पनीको संचालकको रुपमा प्रवेश गरेका हौ निजलाई कम्पनीले शेयर होल्डर वन्न कुनै अनुचित दवाव प्रभाव नदिएको निज स्वयमले स्वेच्छाले शेयर खरिद गरेको हो भनी स्पष्ट खुलाई दिएकोले प्रतिवादीले अदालत समक्ष गरेको २० प्रतिशत सेयर प्रोत्सहान स्वरुप निःशुल्क रुपमा प्रदान गर्ने निर्णय गरेको थियो भन्ने वयान बेहोरा खण्डित भएको देखिन्छ। तसर्थ अनुसन्धानका क्रममा गरिएको उक्त वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) र (२) बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिदा देखिदै सोको विपरित प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ। **ग.** प्रतिवादी निर्मल प्रसाद सिटौलाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ को विनियम १०१ मा उल्लेखित व्यापार व्यवसाय संचालन गर्न वा वाह्य कार्य गर्न स्वीकृत लिनु पर्ने कानूनी प्रावधान विपरित नेपाल टेलिकमको स्वीकृती विना निजी कम्पनी Himdung and Thokar Construction Pvt. Ltd. को २० प्रतिशत शेयर खरिद गरी संस्थापक शेयर धनी बनी कम्पनीमा निर्देशकको हैसियतमा आ.व.०६९/७० देखि काम गरी, परिश्रमिक वापत रकम बुझेको तथा विभिन्न ठेक्का पट्टामा सम्झौता गर्ने लगाएतका कार्यमा समेत सामेल भई Himdung and Thokar Construction Pvt. Ltd. कम्पनीबाट रु.४५,१७,५००।- पारिश्रमिक तथा कम्पनीको रिजर्भमा रहेको मुनाफाबाट प्राप्त आय रु.१,१६,०२,५०४।३० समेत गरी जम्मा रु.१,६१,२०,००४।३० रकम गैरकानूनी रुपमा आर्जन गरेको स्पष्ट देखिदा देखिदै २० प्रतिशत शेयर खरिद गरी संस्थापक शेयर धनी बनी मुनाफा बुझेको विषयमा केही नवोली मात्र एउटा कर्मचारीले कार्यालयको अनुमती नलिएर कार्य गरेको भन्ने विषय मात्र केन्द्रित रही विभागीय कारवाहीको विषय हुने हुँदा आरोपित कसूर बमोजिमको भ्रष्टाचारजन्य कार्य मान्न मिलेन भन्ने आधार ग्रहण गरी एकतर्फी रुपमा गरिएको फैसला त्रुटीपूर्ण रहेको छ। **घ.** प्रतिवादी निर्मल प्रसाद सिटौला नेपाल टेलीकमको कर्मचारी भईरहेको अवस्थामा निजले आफ्नो नाममा Himdung and Thokar Construction Pvt. Ltd. कम्पनीको २०% शेयर खरीद गरी कम्पनीको हिस्सेदार भई उक्त कम्पनीको मुनाफा बुझ्ने र कार्यालयको पूर्व स्वीकृति विना उक्त कम्पनीको निर्देशकको हैसियतले कार्य गरी पारिश्रमिक समेत बुझ्ने गरेको कार्य

					भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ मा परिभाषित कसूर भएको हुँदा सोही ऐनको सोही दफाको सजायको मागदावी लिई निज प्रतिवादीलाई मुद्दा दायर गरिएको अवस्था हो। साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ ले समेत भ्रष्टाचार सम्वन्धी मुद्दामा विशेष व्यवस्था गरेको छ जसमा "कुनै राष्ट्रसेवक वा अन्य व्यक्तिले नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानिनोक्सानी पुर्यामएकोका सो असुर उपर गर्न निज उपर छुटै मुद्दा दायर भएकोमा यस ऐन अन्तर्गत कसूरमा छुटै मुद्दा चलाउन बाधा पर्ने छैन" भनी विशेष व्यवस्था गरेकोमा विभागीय कारवाहीको विषय भनी प्रतिवादीलाई भ्रष्टाचार जस्तो गम्भीर कसूरबाट सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण देखिन्छ। त्यसैगरी हिमडुङ एण्ड थोकर कन्स्ट्रक्सन प्रा.लि.को संचालक शिवहरी घिमिरेले अनुसन्धानको वयानका क्रममा "कम्पनीले सम्झौता गरेको प्रत्येक Project मा हुने नाफा/नोक्शान संचालकले खरिद गरेको शेयर संख्याको अनुपातमा व्यहोर्ने गरेको, Design and Build of Bridges over Punyamata Khola, Mahadev Khola and Jagati Khola, Suryabinayak Road Section Bhaktapur & Kavre ठेक्कामा हिमडुङ्ग एण्ड थोकर ७५ प्रतिशत र राम जानकी निर्माण सेवाको २५ प्रतिशत शेयर रहेकोमा निज निर्मल प्रसाद सिटौलालाई कम्पनी तथा JV को दुवैको तर्फबाट आधिकारिक प्रतिनिधीको रुपमा ठेक्का सम्झौता गर्ने, Running Bill तथा Final Bill मा Sign गर्ने, Design गर्ने, स्विकृत डिजाइनमा रहेर निर्माण सम्न्धी सम्पूर्ण निर्माण कार्य गरी सम्पन्न गर्ने, पत्राचार गर्ने आदी Power of Attorney दिएको हो" भन्ने उल्लेख गरेबाट निज प्रतिवादी निर्मल प्रसाद सिटौला नेपाल टेलीकमको स्थायी कर्मचारी भई अन्यत्र कम्पनीको समेत शेयरहोल्डर भई कम्पनीको नाफा नोक्सानमा हिस्सेदार भएको, कर्मचारी भई काम गरी पारिश्रमिक लिने गरेको तथा ठेक्कापट्टा सम्झौता समेत गरी व्यापार व्यवसायमा भाग लिएको देखिदा निज प्रतिवादी निर्मल प्रसाद सिटौलाको कसूरको मनसाय र बदनियत पुष्टि भएको अवस्था छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदात बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र२० मा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ" भनि सिद्धान्त प्रतिपादन भएकोमा उक्त प्रतिपादित सिद्धान्त प्रतिकुल प्रतिवादी निर्मल प्रसाद सिटौलालाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।